# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको उत्खनन् तथा विक्रीको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रकाशित मिति: २०८१/०५/०६)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च),अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) कार्यविधि, २०७५, ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१/०५/०४ गतेको निर्णय अनुसार तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी अर्जुनधारा नगरिपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका सर्तहरुका अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं | नदी/प्याकेज | उत्खनन क्षेत्र | उत्खनन परिमाण (घ.मि.) | न्यूनतम कबोल रकम (रू) भ्याट बाहेक |
|---|---|---|---|---|
| AM/IR/01/ 081/082 | बिरिङ्ग प्याकेज १ | बिरिङ्ग नदी (अर्जुनधारा वडा नं १ र बुद्धशान्ती-२ ) | ६०७५० | १५५५३९१८.१८ |
| AM/IR/02/ 081/082/ | बिरिङ्ग प्याकेज २ | विल्डकन उत्तरपूर्वदेखि बालुवाटार गोसखान लाइन र विल्डकन उत्तरपूर्व पैनीको मुहान देखि दक्षिण | १९१२५ | ४७७८४०९.९८ |
| AM/IR/03/ 081/082 | टाङटिङ्ग प्याकेज १ | टाङटिङ गोयाङ्ग दोभान झो.पु.बाट १ कि.मि. दक्षिण र टाङटिङ ठुलो नेते दोभान उत्तर | ३८७०० | ९६६९२५३.१५ |
| AM/IR/04/ 081/082/ | टाङटिङ प्याकेज २ | टाङटिङ ठुलो नेते दोभान दक्षिण र ठुलो नेते खोला | ४२२५० | १०४३४१६९.५५ |
| AM/IR/05/ 081/082 | टाङटिङ प्याकेज ३ | टाङटिङ पुल दक्षिण १ कि.मि. छोडेर कैदले उत्तर र टाङटिङ कैदले घाट जाने बाटो दक्षिण र सुखानी खोला पुल उत्तर | ४१५०० | ९९८६५५५.७२ |
| AM/IR/06/ 081/082 | टाङटिङ प्याकेज ४ | टाङटिङ सुखानी दोभान क्षेत्र टाङटिङ तर्फ र सुखानी खोला पुल दक्षिण | २८२५० | ६६७८२३०.४८ |

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| AM/IR/07/081/082 | टाङटिङ्ग प्याकेज ५ | टाङटिङ अर्जुनधारा मा वि पश्चिम र टाङटि ङ देवान चौक पश्चिम र भित्ति गाउँ पूर्व | ३४००० | ८०७४७०६.१६ |
| AM/IR/08/081/082 | टाङटिङ प्याकेज ६ | टाङटिङ दहिझोडा दोभान दक्षिण र टाङटिङ्ग बाँगेडाँगी पश्चिम | ४६००० | १०९२४६०२.४५ |

**शर्तहरु:-**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सि. एसिया बैंक शाखा कार्यालय, शनिश्चरे मा रहेको यस कार्यालयको राजस्व खाता नं.००९२०५०५११२५८०१२ मा नगद जम्मा गरेको नगद भौचर साथ मिति **२०८१/०५/२१** गते दिनको १२ बजे भित्र विद्युतीय माध्यमबाट खरिद तथा दाखिला गर्न सकिनेछ । विद्युतीय माध्यबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको (भ्याट सहित) ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि एसिया मा रहेको धरौटी खाता नं. ००९२०५०५११२५८०१८ जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड साथ पेश गर्नुपर्नेछ।

३) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरि विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

४) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु मिति **२०८१/०५/२१** गते दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५) बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने

आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

६) बोलपत्र स्वीकृत पश्चात कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौताको समयमा र दोश्रो किस्ताबापत ३० प्रतिशत र तेस्रो किस्ता वापत ३० प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ आषाढ मसान्तसम्म म्याद रहेको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ ।

७) बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ. कर वापतको रकम समेत अग्रिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।

८) ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको (भ्याट बाहेकको) १० प्रतिशत छुट दिइनेछ ।

९) नदीजन्य पदार्थ ढुवानी गर्न सडकहरुमा खाल्डा खुल्डी पुर्न, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्ने पर्नेछ । सो वापत खर्च दावी गर्न पाइने छैन ।

१०) रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत नियमन सम्बन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ । अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ । यसरी उत्खनन गरेको परिमाणका लागत प्रत्येक १५/ १५ दिनमा यस नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

११) ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२) स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको स्थानबाट तोकिएको परिमाणमा निर्माण सामाग्री उत्खनन, संकलन, घाटगद्धी विक्री वितरण गर्नुपर्नेछ । सो तोकिएको परिमाण तथा नाका भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाइनेछैन ।

१३) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण तथा अन्य शर्तहरुका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

**<u>पटके प्रवेश आदेश</u>**

ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परिमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदीको नामः ................................

नाका वा स्थानको नामः तोकिए बमोजिम ।

प्रवेश आदेश मितिः ...................... समयः .... बजे प्रवेश आदेश नः 1

नदी प्रवेश आदेश विवरण

१. ढुवानी गरी लैजाने नाकाको नामः ...................

ठेगानाः ......................... सम्पर्क फोन नं.

२. ढुवानी गरिने पदार्थको नामः ढुङ्गा, गिटी, वालुवा/ भरौट सवारी दर्ता नः

३. ढुवानी गरी लैजाने साधनको नामः ट्याक्टर, ट्रक, ट्रिपर, हाइवा

४. निकाली लैजाने पदार्थको परीमाणः .................. घन मि.

५. ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने ।

क. निजी निर्माण

ख. सार्वजानिक निर्माण

ग. प्रशोधित पछि बिक्री

घ. `अन्य (प्रयोजन खुलाउने.....................)

ङ. नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्न र संचय वा भण्डार गर्न निशेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

च. ठेकेदार वा प्रतिनिधिको नाम थरः

सहीः

प्रवेश आदेश दिने कर्मचारीको

सहीः

नाम थरः

पदः

कार्यालयः अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, झापा

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

## पट्टाको फारम

लिखितम् स्थायी लेखा नं ................ ,कम्पनि दर्ता प्रमाण पत्र नं ............................ भएको ....................... कानून बमोजिम अर्जुनधारा नगरपालिकाको निमित्त तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपशिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी यस अर्जुनधारा नगरपालिकाबाट बोलपत्र आह्वान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व ०८१/८२ को लागि रु......................../- (मू.अ.कर बाहेक) ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोवस्त गर्न मिति .......................... गतेको अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार तपशिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कबुलियत गरिदिनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपशिलमा लेखिए बमोजिमको मिति भित्र अर्जुनधारा नगरपालिकालाई बुझाई मिति ........................ देखि २०८२ ज्येष्ठ मसान्तसम्म आ.व. ०८१/०८२ को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय बमोजिमको दरमा विक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला । तपाईले गरी दिनुभएको सम्झौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पुर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस अर्जुनधारा नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरी दिईएको छ ।

**तपशिल**

१. सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र तोकिएको शर्तको अधिनमा रही आ.व. ०८१/०८२ को उत्खननको लागि उल्लिखित परिमाणको आधारमा विक्री शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाबले कुल कबोल रकमको ४० प्रतिशत रकम सम्झौताका बखत नै बुझाउनुपर्नेछ ।

२. उक्त आय सङ्कलन गर्नका निमित्त अर्जुनधारा नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संग्लन सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नु पर्नेछ। यसरी आय सङ्कलन गर्दा करदाताहरुलाई दिइने भरपाई रसिद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

३. सो आय सङ्कलन गर्न अर्जुनधारा नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

४. अन्य कुराहरु तपाई र यस नगरपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ ।

५. IEE प्रतिबेदन तथा अध्यावधिक IEE प्रतिबेदनमा उल्लेख भएको तोकिएका स्थानहरुबाट तोकिएबमोजिमको लम्बाइ चौडाइ गहिराइमा मात्र उत्खनन् गर्न पाइने छ । यस नगरपालिकाबाट तयार गरिएको IEE प्रतिबेदन यस सम्झौताको अभिन्न अंग मानिने छ र यसका सम्पुर्ण प्रावधानहरु ठेकेदारले अनिबार्य पालना गर्नु पर्ने छ ।

६. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

उत्खनन गर्न सकिने परिमाण अर्को पानामा छ ।

<u>ठेक्का सम्झौता फाराम</u>

लिखितम् स्थायी लेखा नं ................... ,कम्पनि दर्ता प्रमाण पत्र नं .............................. भएको ........................ले तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा आन्तरिक आय (नदीजन्य पदार्थको बिक्रीको लागि) ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यालयको ठेक्का नं. ..................... को सूचना बमोजिम ................................ क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन सङ्कलन तथा विक्री वितरणका लागि तपाई समेतले पेश गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आ.व.२०८१/८२ का लागि रु ................................. मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति ..................... मा बसेको नगर कार्यपालिकाको बैठकको निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपशिलका शर्त बमोजिम तपशिल बमोजिमका क्षेत्रमा अर्जुनधारा नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपशिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी मिति ........................ मा यस कार्यालयलाई कुल कबोलको ४० प्रतिशत रकम सम्झौताको बखत बुझाई बाँकी ६० प्रतिशत रकम किस्ताबन्दीमा बुझाई मिति ................ देखि २०८२ ज्येष्ठ मसान्तसम्म आ.व. २०८१/०८२ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कवुलियत लेखि यस कार्यालयमा बुझाएको छु ।

<u>तपसिलः</u>

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. २०८१/०८२ का सम्पूर्ण किस्ताको रकमको ४० प्रतिशतले हुने रकम रु ....... सम्झौताको बखत बुझाई बाँकी ३० प्रतिशत रकम २०८१ पौष मसान्त र बाँकी ३० प्रतिशत रकम २०८१ चैत्र मसान्तभित्र बुझाउनेछु, मूल्य अभिवृद्धि कर बापतको कुल कबोल रकमको १३ प्रतिशत रु ........... र अग्रिम आयकर बापत १.५ प्रतिशतले रु ............... /- बुझाई मिति ................... देखि २०८२ ज्येष्ठ मसान्तसम्मको लागि प्रचलित कानूनको अधिनमा रही नदीजन्य पदार्थको बिक्री आय संकलन गर्नेछु ।

२. उक्त आय सङ्कलन गर्नका लागि नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरी नगरपालिकालाई रु .................. बुझाएको छु ।

३. सो आय सङ्कलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकी दिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र अर्जुनधारा नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा नगरपालिकाबाट

अनुगमन हुँदा कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ ।

**<u>नदीजन्य पदार्थहरु उत्खनन, सङ्कलन र विक्री वितरण गर्ने शर्तहरु:</u>**

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निर्धारित स्थानबाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रदेश कानून, नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अङ्ग रहनेछन् ।

४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पर्दाथको उत्खनन, सङ्कलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन एवं IEE ले निर्दिष्ट गरे बाहेकका क्षेत्रबाट र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइने छैन ।

५. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइने छैन ।

६. नेपाल सरकार वा अर्जुनधारा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

७. शुल्क उठाउने रसिदहरु ठेक्काको छुट्टाछुट्टै शीर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ । कार्यालयबाट प्रमाणित भई छाप लागेका बाहेकका रसिदहरु अनुगमनको क्रममा कहिँकतै फेला परी प्रमाणित भएमा सोही दिन ठेक्का बदर गरी ठेकेदारले प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

८. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ्ग बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

१०.तोकिएको म्याद भित्र ठेकेदारले अर्जुनधारा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा अर्जुनधारा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकम सरकारी बाँकी सरह ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ।

११.अर्जुनधारा नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामाग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१२.प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१३.ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा अर्जुनधारा नगरपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

**सङ्कलन केन्द्र राख्ने स्थान**

| क्र.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक आय (नदीजन्य पदार्थको बिक्रीको लागि) ठेक्का बन्दोबस्त | | |

१४. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ।

१५. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्री बापत नगरपालिकालाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क (रु) | मू.अ.कर (13%) | कुल जम्मा (रु) |
|---|---|---|---|
| ढुङ्गा, गिटी | ८ | १.०४ | ९.०४ |
| बालुवा | ७ | ०.९१ | ७.९१ |
| भरौट र बलौट | ४.५ | ०.५९ | ५.१ |

१६.सामान्य निर्माणमुखी नदिजन्य उत्खनन्, सङ्कलन तथा विक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथामिकता दिनुपर्नेछ ।

१७.नदिबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन ।

१८.ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारालई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

१९.साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२०.साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ ।ग्राभेल तथा कच्चीबाटोबाट निर्माण सामाग्री ओसार पसार गर्दा धुलो न्युनीकरण गर्न समय समयमा बाटोमा पानी छर्कने लगायतका कार्य समेत ठेकेदार स्वयंले गर्नुपर्ने छ, सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाइने छैन ।

२१.उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२२.कल्भर्ट, सडक, बाटो तथा सार्वजानिक निर्माण स्थलबाट दुवैतर्फ पाँच सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२३.मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन् गर्ने स्थानसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

२४.ठेक्का सम्झौता भएको मितिदेखि २०८२ ज्येष्ठ मसान्तसम्म विहान ६ बजेदेखि बेलुका ६ बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

२५.साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्नुपरेमा प्रचलित कानुन बमोजिम अर्जुनधारा नगरपालिकासँग अनुमति लिइ तथा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२६.ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२७.उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थानमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाईने छैन ।

२८.साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वंयले उपलब्ध गराई सम्पुर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

२९.ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै, कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३०.स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्नु पर्नेछ ।

३१.यस सम्झौता बमोजिम दोश्रो पक्षले यस नगरपालिकाको विभाज्य कोष खातामा जम्मा गरेको रकम जुनसुकै कारण उत्पन्न भएपनि फिर्ता गरिने छैन ।

३२.यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्ष(नगरपालिका)को तर्फबाटः | दोश्रो पक्ष (ठेकेदार) को तर्फबाटः |
|---|---|
| हस्ताक्षरः...................... | हस्ताक्षरः..................... |
| नामथरः | नामथरः |
| दर्जाः | दर्जाः |

अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

**उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना**

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

**क.** उत्खनन्, सङ्कलन गरिने स्थल: अर्जुनधारा नगरपालिका ।

ख. उत्खनन्, सङ्कलनको विवरण:

१. **नदी वा खानीको नाम**: ...............

२. **ठाउँको नाम:** ...................

३. **उत्खनन् गरिने परिमाण घन मिटर:** .........................

४. उत्खनन् कार्यमा प्रयोग हुने साधन: ट्रिपर, ट्याक्टर

५. उत्खनन् गर्ने कार्य गर्न अधिकारी प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना: ...........................

६. उत्खनन् गर्ने अवधि: ............................................

(कुनै गुनासो वा थप जानकारीको लागि अर्जुनधारा नगरपालिकामा सम्पर्क गर्ने । )

**बिरिङ्ग प्याकेज १ अर्जुनधारा न.पा र बुद्धशान्ति गा.पा को साझेदारीमा विरिङ्ग नदिवाट संकलन गर्न सकिने प्राकृतिक स्रोत**

| क्षेत्र | स्थान | वार्ड नं. | आक्षाशं | देशान्तर | आक्षाशं | देशान्तर | वार्षिक जम्मा हुने नापजाच लम्वाई मि. | चौडाई मि. | गहिराई मि. | बार्षिक निकाल्न सकिने घ.मि. | न्यूनतम अंक रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मदन भण्डारी पुल दक्षिण (विजुलीको पोल उत्तर १०० मि. छोडेर) | १/१ | २९५८१०८ | ६०१३३० | २९५८१३१ | ६०१२८८ | ६५० | ३० | ०.५ | ९७५० | २४९६३०७.८६ |
| | | | २९५७५०० | ६०१०८१ | २९५७५३२ | ६०१०४१ | | | | | |
| २ | मदन भण्डारी पुल दक्षिण (विजुलीको पोल १०० मि. छोडेर दक्षिण) | १/१ | २९५७२७६ | ६००९५५ | २९५७३०६ | ६००९२९ | ४०० | ३० | ०.५ | ६००० | १५३६१८९.४५ |
| | | | २९५७०५७ | ६००७०५ | २९५७०९९ | ६००६८८ | | | | | |
| ३ | जयपुर सिस्ने पुल उत्तर ५०० मि. छोडेर खेल मैदान दक्षिण पूर्व | १/२ | २९५६९७४.५ | ६००३४३ | २९५६९४० | ६००३५२ | ८५० | ४० | ०.७५ | २५५०० | ६५२८८०५.१६ |
| | | | २९५६५८५ | ५९९८१८ | २९५६६०७ | ५९९७९० | | | | | |
| ४ | गडिपुल ५०० मि. उत्तर | १/२ | २९५५२२२ | ५९८८८८ | २९५५१९९ | ५९८९१६ | ६५० | ४० | ०.७५ | १९५०० | ४९९२६१५.७१ |
| | | | २९५४७४९ | ५९८५५२ | २९५४७७१ | ५९८५२४ | | | | | |
| | | | | | | | | | जम्मा | **६०७५०** | **१५५५३९१८.१८** |

**अक्षररुपी :- एक करोड पचपन्न लाख त्रिपन्न हजार नौ सय अठार रुपैया अठार पैसा मात्र ।**

<u>कर शुल्क ठेक्का बन्दोवस्त दररेट फाराम</u>

| | |
|---|---|
| ठेक्का नं | AM/IR/01/081/082 |
| ठेक्काको नामः | बिरिङ्ग प्याकेज १ |
| भ्याट बाहेकको न्यूनतम कबोल रकमः | १५५५३९१८.१८ |
| धरौटी रकमः | भ्याट सहितको कबोल रकमको ५ प्रतिशत |
| कबोल रकम अंकमा (रु) | |
| कबोल रकम अक्षरमा | |
| भ्याट रकम (रु) | |
| जम्मा | |
| कैफियत | |

**नोटः** अंक र अक्षरमा मात्र लेखिएको रकमलाई भ्याट बाहेकको रकम मानिनेछ । बोलपत्रको मूल्याङ्कन भ्याट बाहेकको रकमबाट गरिनेछ ।

**पेश गर्नेको**

दस्तखतः ................................................ फर्मको छापः

फर्मको नामः..........................................

प्रोपाइटरको नामः .........................................

ठेगानाः ...............................................

सम्पर्क नं ................................................